# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल


प.सं. २०७७/०७८
च.नं. २८८१

मिति: २०७७/११/२६

### दोश्रो पटक सूचना प्रकाशित मिति :२०७७।११।२६

**विषय: सि.वि.आर कार्यक्रम संचालन गर्न प्रस्तावना आव्हानको म्याद थप गरिएको सम्बन्धी सूचना ॥**

यस राप्ती नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सि.वि.आर) कार्यक्रम कार्यन्वयनको लागि सि.वि.आर समन्वय तथा अनुगमन समितिको मिति २०७७।११।२६ गते बसेको बैठकको निर्णय अनुसार सूचनाको म्याद ७ दिन थप गर्ने निर्णय भएकोले मिति २०७७।१२।०५ गते भित्र देहाय उल्लेखित कागजात सहित प्रस्तावना पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि सूचित गरिएको छ ।

**कार्यक्रम संचालन गर्ने संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु:**

- अपाङ्गता भएका व्यक्तिहरुलाई विद्ययमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्धत गर्ने ।
- वडा वडावाट विभिन्न क्षमताका अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरी वडा स्तरीय समिति गठन र नगर स्तरीय समिति गठन गर्ने ।
- अपाङ्गता भएका व्यक्ति, परिवार ,स्थानीय निकायका पदाधिकारीहरुका लागि सचेतन सम्बन्धी तालिम कार्यक्रम गोष्ठी, सभा अन्तरक्रिया संचालन गर्ने गराउने ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा (**शिक्षा, स्वास्थ्य, तालिम,सिप ,नेतृत्वविकास,सहायक सामाग्री आदि उपलब्ध गराउने**) ।
- कार्यक्रम राप्ती नगरपालिका वडा १ देखि १३ भित्र केन्द्रित भई संचालन गर्नु पर्नेछ।
- पहिलो सूचनामा दर्ता हुन आएको प्रस्तावना कायम राखिने छ।

**पेश गर्नु पर्ने कागजातहरु:**

- संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि थान १
- संस्था दर्ता नविकरण भएको प्रमाणीत कागजात ।
- संस्थाको विधान प्रतिलिपि थान १
- प्रशासनिक तथा आर्थिक नियमावली प्रतिलिपि थान १
- समाजकल्याण परिषदको आवद्धता प्रमाणपत्र प्रतिलिपि थान १
- गत वर्षको बार्षिक प्रगति प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन थान १
- संस्थाको जनशक्ति तथा भौतिक पूर्वाधारको अवस्था जनाउने कागजात ।
- कार्यक्रम संचालनको प्रस्तावना ।

२०७७/११/२५

गंगा वहादुर भुजेल
प्रमुख प्रशाकीय अधिकृत